नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**विकेन्द्रिकरण शाखा**
**सिंहदरबार, काठमाडौं**

**मितिः२०७४।१२।२२**

च.नं. ८२
प.स.०७५/०७६

श्री महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिका,
सबै ।

विषयः सामुदायीक विद्यालयमा विद्यार्थी भर्ना अभियान संचालन सम्बन्धमा ।

नेपालको संविधान, २०७२ को धारा ३१ ले आधारभूत शिक्षामा सबै नागरिकको पहुच हुने सुनिश्चित गरेको तथा धारा ५१ (ज)१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइने भनी उल्लेख भएको छ । त्यसै गरी संविधानको अनुसुची ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहले प्राप्त गरेको छ । सक्षम, सवल र प्रतिस्पधी जनशक्तिको उत्पादन विद्यालय जाने उमेर समुहका वालवालिकाहरु विद्यालय भर्ना सुनिश्चित गरेर मात्र आरम्भ हुने हुदा विद्यालय भर्ना अभियान महत्वपूर्ण हुन जान्छ । देशमा संघियता लागु हुनु पूर्व शिक्षामा सबैको पहुच सुनिश्चित गर्न शिक्षा मन्त्रालय र यस अर्न्तगतका निकायहरुले औपचारिक विद्यालय शिक्षा, नियमित शिक्षा, निरन्तर शिक्षा, पूर्ण साक्षर कार्यक्रम, विद्यार्थी भर्ना अभियान आदि कियाकलाप संचालन गर्दै आएकोमा अव स्थानीय तहहरुले यस्तै प्रकारका कार्यक्रमहरु मार्फत आ-आफ्नो क्षेत्रमा गुणस्तरिय शिक्षामा पहुच तथा सुधार सुनिश्चित गर्ने जिम्मेवारी वहन गर्नु पर्ने संवैधानिक दायीत्व सृजना भएको छ । शिक्षा विभागले शैक्षिक वर्ष २०७५ का लागि “हामी सबैको इच्छा, अनिवार्य निशुल्क आधारभूत शिक्षा” भन्ने विद्यार्थी भर्ना सम्बन्धी आदर्श वाक्य/ नारा तयार गरी सो कार्यमा सहयोगका लागि सबै सरोकारवालालाइ अपिल गरेको छ । यसै सन्दर्भमा यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७४/१२/२१ को निर्णयबाट स्थानीय तहहरुलाइ विद्यार्थी भर्ना अभियानका सम्बन्धमा देहाय अनुसारको कार्य गर्न अनुरोध गर्ने भनी उल्लेख भएको हुदा निर्णयानुसार अनुरोध छ ।

१. विद्यार्थी भर्ना अभियान सफल पार्न सबै गाउँपालिका/नगरपालिकाका प्रमुख वा अध्यक्ष/ उप-प्रमुख वा उपाध्यक्ष/वडा अध्यक्ष /शिक्षा समितिका संयोजक/प्रमुख प्रशासकिय अधिकृतको सहभागीतामा घरदैलो कार्यक्रम सबै वस्तीतहमा तथा अन्तरक्रिया कार्यक्रम सबै वडामा अनिवार्य रुपमा चैत्र र वैशाख महिना भित्र संचालन गर्ने र वाल विकास संस्था, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र लगायत स्थानीय तहसंग सम्बन्धित प्रत्येक व्यक्ति वा समुदायको सहभागीतामा घरदैलो अभियान संचालन गर्ने । प्रत्येक शिक्षक, माथिल्लो कक्षाका विद्यार्थी र गाउँपालिका/ नगरपालिका पदाधिकारी तथा कर्मचारीहरुले कम्तिमा एकजना विद्यार्थी भर्ना गराउने अभियान संचालन गर्ने ।
२. प्रमुख प्रशासकिय अधिकृत लगायत सबै कर्मचारीहरुले वैशाख महिनामा अनिवार्य रुपमा कम्तिमा १ दिन स्वयमसेवकको रुपमा आफ्नो स्थानीय तहको क्षेत्रमा रहेको विद्यालयमा विभिन्न शौक्षिक कृयाकलापमा विद्यार्थीसंग समय व्यत्तित गर्ने।
३. स्थानीय तहहरुले आफ्नो क्षेत्रको विद्यालयमा सबै विद्यार्थीले वैशाख महिना भित्र पाठ्यपुस्तक प्राप्त गरेको सुनिश्चित गर्ने र यस कार्यमा वडा अध्यक्षले विद्यालय व्यवस्थापन समितिसंग कार्यपालिकाको तर्फवाट समन्वय गर्ने । यदि पाठ्यपुस्तक कुनै कारणले उपलब्ध हुन नसकेमा विषेश पहल गरी समस्या सामाधान गर्ने ।
४. स्थानीय तहहरुले नीतिगत र कार्यकमगत रुपमा नै विद्यालय जाने उमेर समुहका सबै बालबालीका नियमित रुपमा विद्यालय जान सक्ने वातावरण सृजना गर्ने र पुर्ण भर्ना अभियानलाई संचालन गर्न नीति तथा कार्यकममा समावेश गर्ने ।
५. शिक्षासंग सम्बन्धित सम्पूर्ण राष्ट्रिय प्रतिवद्धता तथा अभियानहरुको अपनत्व ग्रहण गरी राष्ट्रिय लक्ष्य तथा अठोट समय सिमा भित्रै प्राप्त गर्न नीतिगत तथा कार्यकमगत रुपमा नै व्यवस्थापन गर्ने ।
६. भर्ना हुन नसकेका वा नआएका र स्कुल छोडेका वालवालिकाहरुलाई औपचारिक विद्यालय शिक्षामा ल्याउन प्रचलित कानुन बमोजिम प्रोत्साहनका प्याकेज (जस्तै विद्यालय खाजा कार्यक्रम, अतिरिक्त कियाकलाप, शुद्ध पिउने पानी, छात्र र छात्राका लागि शौचालय, पुस्तकालय आदिको व्यवस्था) तयार गर्ने र कार्यान्वयन गर्ने ।
७. विद्यालयमा शिक्षक वा कर्मचारीको उपस्थिती र शैक्षिक कियाकलापको गुणस्तर मापनको सुरुवात गर्ने र सम्भव भए सम्म इ-हाजिरीको व्यवस्था गर्ने । विद्यालयमा अध्ययनरत प्रत्येक विद्यार्थी शैक्षिक कियाकलाप र उपलब्धिको व्यक्तिगत अभिलेख राखी अनुगमन गर्ने व्यवस्था मिलाउने ।
८. विद्यार्थी भर्ना अभियान कार्यकमलाई जिल्ला भरी प्रभावकारी रुपमा संचालन गर्न सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिका संयोजक लगायत सबै पदाधिकारीहरुलाई सकृयताका साथ स्थानीय तहहरुले संचालन गर्न विद्यार्थी भर्ना अभियानमा सहभागिता जनाइ दिन हुन अनुरोध गर्ने ।

............................
प्रल्हाद कुमार कार्की
उप सचिव

बोधार्थः श्री सुचना शाखा : website मा upload गरी दिनु हुन ।